# बूढानीलकण्ठ नगरपालिका

**बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

**खण्डः- २ संख्याः- ४ मितिः- २०७६/०४/२९**


## भाग-२

# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७६

## १. परिचय :

ज्येष्ठ नागरिकहरूलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्नतथा निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची- ८ को क्र सं १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४ जारी गरिएको छ ।

## २. परिचय पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक,ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरूलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय- पत्र वितरणका आधार हुनेछन ।

## ३. उदेश्य :

क) ज्येष्ठ नागरिकहरूको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरूको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरूको हक अधिकार सुनिश्चत गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रूपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन,नियम अनुसार ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

## ४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्वन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरू ।

## ५. ज्येष्ठ नागरिकको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरूको वर्गीकरण देहाय बमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) अहसाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक,

## ६. परिचय पत्र वितरणका मापदण्ड:

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय- पत्र प्रदान गर्न सकिने छ ।

## ७. ज्येष्ठ नागरक परिचय-पत्रको ढाँचा :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय- पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय पत्रको आकार (size) नेपाली नागरिकताको प्रमाण- पत्रको आकार बराबरको हुनेछ ।

## ८. परिचय पत्र वितरण प्रक्रियाः

क) ज्येष्ठ नागरिक परिचय- पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण- पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुने छ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी नगरपालिकाको कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

## ९. विविध :

क) ज्येष्ठ नागरिक परिचय -पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

# अनुसूचि १
# ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा

फोटो

प. प. नं.

नाम थरः..........................

ना. प्र नं.....................

ठेगानाः.जिल्ला............................

गा.पा/न .पाः.................. वडा नं..................टोल.............

उमेरः........... लिङ्गः..................

उपलब्ध छुट तथा सुविधाहरुः......................

पति पत्नीको नामः..........................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः.............................

संरक्षकको नाम थर सम्पर्क ठेगाना मोबाइल नं......................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम........

प्रमाणित गर्नेअधिकृतकोः
दस्तखतः
नामथरः
पदः
कार्यालयः
मितिः.....................

# अनुसूची-२

## निवेदनको ढाँचा

श्रीमान् नगर प्रमुख ज्यू,

बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालय,

हात्तिगौंडा, काठमाण्डौं ।

विषय :ज्येष्ठ नागरिक परिचय पत्र पाऊँ ।

महोदय,

उपरोक्त विषयमा प्रचलित कानून बमोजिम म ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक परिचय पत्र उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

........................

निवेदकको दस्तखत

विवरण:-

# अनुसूची-३

## जेष्ठ नागरिकको विवरणः

नाम थरः..................................नागरिकता नं.....................

उमेरः.........लिङ्ग........पुरुष ☐ महिला ☐ अन्य ☐

ठेगानाः जिल्लाः..................गा .पा / न. पा........................

वडा नं.......... गाऊँ/ टोल............. रक्त समुहः.........

पति/ पत्नीको नाम थरः.................................................

अति जरुरी पर्दा सम्पर्क गर्ने व्यक्तिको नाम थरः........................

सम्पर्क नं.........................

आज्ञाले,

कुमार प्रसाद कोइराला

प्रमाणिकरण मिति : २०७६।०४।२८ प्रमुख प्रशासकीय अधिकृत

# बूढानीलकण्ठ नगरपालिका

बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः- २ संख्याः- ४ मितिः- २०७६/०४/२९

## भाग-२

# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७६

**बूढानीलकण्ठ नगरपालिका**
**हात्तीगौँडा, काठमाण्डौ**
**बागमती प्रदेश, नेपाल ।**

| | | |
|---|---|---|
| प्रकाशक | : | बूढानीलकण्ठ नगरपालिका<br>हात्तिगौंडा, काठमाडौं<br>बागमती प्रदेश |
| फोन नं. | : | ०१-४३७२७२५ |
| इमेल | : | budhanilkanthamun@gmail.com |
| वेवसाइट | : | www.budhanilkanthamun.gov.np |
| मूल्य | : | रू ५०।- |